शिक्षा मन्त्रालय
# शैक्षिक जनशक्ति विकास केन्द्र
सानोठिमी, भक्तपुर, नेपाल

## सुरक्षा र सरसफाई कार्य सेवा करार मार्फत गराउने सम्बन्धी शिलबन्दी दरभाउ पत्र आह्वानको सूचना
**(प्रथम पटक प्रकाशित मिति २०७४।०६।०५)**

यस केन्द्रको लागि चालु आ.व.२०७४/७५ को निमित्त **सुरक्षा र सरसफाई कार्य सेवा करारमार्फत** गर्नुपर्ने भएकोले नेपाल सरकारवाट इजाजत प्राप्त गरेका मूल्य अभिवृद्धि कर दर्तावाला इच्छुक दरभाउ पत्रदाताहरूवाट सिलवन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

**प्याकेज- १, सुरक्षा सम्बन्धी कार्यको सेवा करार**

**प्याकेज- २, सरसफाई सम्बन्धी कार्यको सेवा करार**

१. यो सिलवन्दी दरभाउपत्र प्रथम पटक प्रकाशित भएको मितिदेखि १५औं दिन सम्म (**प्याकेज- १ सुरक्षा र प्याकेज- २ सरसफाई) कार्य सेवा करार** सम्वन्धी छुट्टाछुट्टै सिलवन्दी दरभाउ-पत्र फाराम वापत नगदै रु. १०००।- (एक हजार रुपैयां) फिर्ता नहुने गरी यस केन्द्रमा वुझाए पश्चात् अद्यावधिक गरेको इजाजत-पत्र, मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र र आ.व. ०७२/७३ सम्मको कर चुक्ता प्रमाण-पत्रका प्रतिलिपिहरू नोटरी पव्लिकवाट प्रमाणित गरी निवेदनसाथ पेस गरेपछि नियमानुसार **प्याकेज- १** र **प्याकेज- २** को छुट्टाछुट्टै सिलवन्दी दरभाउ-पत्र फाराम यस केन्द्रवाट उपलब्ध गराइने छ ।

२. खरिद गरिएका सिलवन्दी दरभाउ-पत्र फारामका महलहरू स्पष्ट रूपमा भरी प्रत्येक पानामा सहीछाप गरी सूचना प्रकाशित भएको मितिदेखि १६औं दिनको १२.०० वजेसम्म यस केन्द्रको आन्तरिक प्रशासन तथा सम्पत्ति व्यवस्थापन शाखामा सिलवन्दी दरभाउ-पत्र दर्ता गराउनु पर्नेछ । यसरी दर्ता हुन आएका सिलवन्दी दरभाउ-पत्रहरू सोही दिनको ०१.०० वजे यस केन्द्रमा सिलवन्दी दरभाउ-पत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । सिलवन्दी दरभाउ-पत्रदाता वा निजको प्रतिनिधिहरू उक्त दिन उपस्थित नभएमा पनि कार्यालय प्रतिनिधिहरूको रोहवरमा प्राप्त हुन आएका सिलवन्दी दरभाउ-पत्रहरू खोलिने छ ।

३. सिलवन्दी दरभाउपत्र फारमसाथ **प्याकेज- १** को लागि जमानत वापत रु. २३,०००।- (तेइस हजार पाँच सय रुपैयां) र **प्याकेज- २** को लागि रु. २६,५००।- (छब्बीस हजार पाँच सय रुपैयां) यस केन्द्रको आर्थिक प्रशासन शाखामा नगद दाखिला गरेको सक्कलै रसिद वा कोष तथा लेखा नियन्त्रक कार्यालय भक्तपुरको धरौटी खाता नं. ख ३/१९-५१-९०७४ मा नगद जम्मा गरेको सक्कलै भौचर वा मान्यता प्राप्त वाणिज्य वैंकवाट यस केन्द्रको नाममा जारी भएको कम्तिमा ७५ दिन अवधिको वैंक ग्यारेन्टी पेस गर्नु पर्ने छ । यसरी पेस गरिने जमानत वापतको वैंक भौचर वा विडवण्डलाई यो सूचना प्रकाशित भएको मिति पछिको दिनवाट मात्र मान्यता दिइने छ ।

४. **प्याकेज- १** र **प्याकेज- २** का लागि छुट्टाछुट्टै दर भाउ-पत्र भरी पेस गर्नुपर्ने छ ।

५. सिलवन्दी दरभाउ-पत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो दिनको भोलीपल्ट वा कार्यालय खोलिएको दिन उक्त कार्य गरिनेछ ।

६. प्राप्त सिलवन्दी दरभाउ-पत्रहरू पूर्ण वा आंशिक रूपमा स्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस केन्द्रमा सुरक्षित रहने छ ।

७. सिलवन्दी दरभाउ-पत्रसम्वन्धी सूचना यस केन्द्रको Website:www.nced.gov.np हेर्न सकिने छ ।

८. सिलवन्दी दरभाउ-पत्रसम्वन्धी थप जानकारी आवश्यक परेमा यस केन्द्रको आन्तरिक प्रशासन तथा सम्पत्ति व्यवस्थापन शाखा वा फोन नं.०१६६३५८३५ मार्फत जानकारी लिन सकिने छ । अन्य व्यवस्था सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ ।